***नेपाल उद्योग वाणिज्य महासंघको ५० औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा वरिष्ठ उपाध्यक्ष श्री भवानी राणाले प्रस्तुत गर्नु भएको धन्यवाद मन्तव्य ।***

यस सभाका सभापति एवम् महासंघका अध्यक्षज्यू

प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओली ज्यू

माननीय मन्त्रीज्यूहरु

संवैधानिक अंगका प्रमुखज्यूहरु

राजनैतिक दलका नेताहरुज्यूहरु

महामहीम राजदूतज्यूहरु

वैदेशिक नियोग एवम् अन्तराष्ट्रिय संस्थाका प्रतिनिधिज्यूहरु

नेपाल सरकारका मुख्य सचिवज्यू, सचिव ज्यूहरु तथा उच्च पदस्थ अधिकृत ज्यूहरु

सदस्य साथीहरु यस वार्षिक साधारण सभामा भाग लिन आउनु भएका जिल्ला/नगर उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय उद्योग वाणिज्य संघका अध्यक्षज्यू तथा प्रतिनिधिज्यूहरु

एशोसियट्स सदस्य प्रतिनिधिज्यूहरु

उद्योगी व्यवसायी मित्रहरु,

ट्रेड यूनियन महासंघका अध्यक्ष एवम् नेताज्यूहरु

समारोहमा पाल्नु भएका विशिष्ट अतिथिज्यूहरु

संचार क्षेत्रका मित्रहरु

महिला तथा सज्जन वृन्द,

१) नेपालको निजी क्षेत्रको छाता संगठन यस नेपाल उद्योग वाणिज्य महासंघको ५० औं वार्षिक साधारण सभाको समुद्घाटन समारोहमा सवै अतिथिज्यूहरुमा धन्यवाद टक्याउन पाउदा आफूलाई गौरवान्वित महसुस गरेको छु । यस अवस्थामा म सम्पूर्ण अतिथिगणहरुमा न्यानो अभिवादान गर्दछु ।

२) आफ्नो कार्यव्यस्तताको वावजुद पनि नेपाल उद्योग वाणिज्य महासंघको ५० औं साधारण सभाको समुदघाटन समारोहको प्रमुख अतिथ्यता ग्रहण गरी हामी उद्योगी व्यवसायीलाई हौसला प्रदान गर्नुको साथै सभाको समुद्घाटन एवम् सार गर्मित

मनतव्यका लागि सम्माननीय प्रधानमन्त्री श्री के.पी शर्मा ओली ज्यूमा नेपाल उद्योग वाणिज्य महासंघ एवम् सम्पूर्ण निजी क्षेत्रको तर्फबाट हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

३) हाम्रो निमन्त्रणलाई स्वीकार गरी पाल्नु भएका माननीय मन्त्रीज्यू राजनीतिक दलका नेताज्यूहरु, संवैधानिक अंगका प्रमुख ज्यूहरु, विशिष्ट अतिथिज्यूहरु, महामहीम राजदूत ज्यूहरु, नेपालको विकासका साझेदार संस्थाका प्रतिनिधिज्यूहरु नेपाल सरकारका मुख्य सचिवज्यू, सचिव ज्यूहरु, नेपाल सरकारका वरिष्ठ अधिकृत ज्यूहरु, महासंघका पूर्व अध्यक्ष ज्यूहरु , उद्योग व्यवसाय क्षेत्रमा अग्रणी व्यक्तित्वहरु टेड्र यूनियनका अध्यक्षज्यूहरु, पत्रकार मित्रहरु एवम् यस समारोहमा सहभागी हुन पाल्नु भएका सम्पूर्ण आदरणीय अतिथिज्यूहरुमा नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

४) महासंघले आफ्नो व्यवसायिक यात्राको ५० वर्ष पूरा गर्दैछ । यस अवधिमा महासंघले थुप्रै घुम्ति पार गर्नुको साथै अनेकन आरोह एवम् अवरोहको यात्रा तय गर्दै यो अवस्थामा आई पुगकेको छ । महासंघलाई टेवा र सेवा दिई यसको गरिमा र छवि उच्च राख्न नेतृत्व प्रदान गर्ने श्रद्धेय पूर्व अध्यक्ष ज्यूहरु तथा हरेक तरहले सहयोग पुऱ्याउनु हुने सवै अग्रज एवम् शुभ चिन्तकहरु प्रति आभार व्यक्त गर्दछु । मुलुकको विद्यमान अवस्था, आर्थिक विकास र जनताले अपक्षो गरेका कुरालाई  हेर्दा अहिले हामी कठिन मोडमा छौं । हामी सवैले कुनै नकुनै समस्यासँग जुझनु परेकै छ । यस्तो अवस्थाबाट चाडै पार पाउन हाम्रो साझा प्रयास र संकल्प चाहिन्छ । यस सम्बन्धमा यस गरिमामय समुपस्थितिमा आफ्नो संक्षिप्त धारणा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

५) वर्ष २०७२ हाम्रो निमित्त मिश्रित रहयो । हामीले ऐतिहासिक रुपमा नै संविधान सभावाट मुलुकको लागि नयाँ संविधान पायौ । यो महत्वपूर्ण उपलब्धी हो । यसका लागि नेपालका राजनैतिक दलहरु तथा राजनितिक दलका नेताज्यूहरुबाट देखाईएको सुझवुझ एवम् अथक प्रयत्नका लागि मुरी मुरी धन्यवाद दिन चाहान्छौं । राजनैतिक कान्तिको एउटा महान यात्रा पुरा भएको छ अव हाम्रो प्राथमिकता र प्रयास मुलुकको आर्थिक विकासको लागि हुनु पर्दछ ।

६) एक दशक भन्दा लामो द्वन्द्वकाल र त्यस पछिको राजनैतिक संक्रमणको कठीन अवस्थापनि नेपालको निजी क्षेत्रले आफ्नो तहबाट सक्दो प्रयास गर्दै आएको कुरा यहाँ स्मणरण गराउन चाहान्छु । विनासकारी भूकम्पवाट भएको ठूलो जनधनको क्षति एवम् त्यसबाट उद्योग व्यवसाय क्षेत्रलाई पर्न गएको प्रभाव र अकल्पनीय रुपमा मुलुकले भोग्नु परेको अघोषित नाकावन्दीले समग्र आर्थिक परि सूचकहरु तल झरेको स्थिति छ । यसबाट हाम्रो आर्थिक वृद्धिदर ४ दशक पछि सव भन्दा न्यून हुने हो कि भन्ने अनुमान गरिएको छ । यो हाम्रो लागि दुःखद पक्ष हो तापनि हामीले काम गर्ने वातावरण बनाउन सक्यौं भने र दृढताका साथ लागि पऱ्यौ भने यो स्थितिबाट चाडै माथि उठन सकिन्छ भन्ने कुरामा निजी क्षेत्र विश्वस्त छ ।

७) मुलुकको विद्यमान आर्थिक अवस्था, उद्योग व्यवसायको विस्तार र रोजगारीमा परेको प्रभाव, उद्योग व्यवसाय क्षेत्रले भोग्नु परिरहेका समस्याहरु र मुलुकको आर्थिक विकासका लागि गर्नु पर्ने पहल र निर्णय , अवलम्बन गर्नु पर्ने नीतिका वारे महासंघका अध्यक्षज्यूले आफ्नो स्वागत भाषणमा सविस्तार उल्लेख गरी सक्नु भएको छ । त्यहाँ उल्लेख गरिएका विषयलाई गंभीरता पूर्वक लिई आवश्यक पहल गरियोस् भन्ने मेरो विशेष आग्रह हो ।

८) महासंघ उद्योग व्यवसायीको संस्था हुनुको नाताले आर्थिक समृद्धि र विकास नै यसको मूल ऐजेण्डा हो । आर्थिक ऐजेण्डाका वारेमा सरकार र निजी क्षेत्र वीच घनिभूत छलफल गरी अघि वढ्नु पर्छ भन्ने कुरामा हामीले जोड दिदै आएका छौं । जनआकान्क्षा वढी रहेको सन्दर्भमा सरकार र निजी क्षेत्रको साझेदारीमा पूर्वधार निर्माण लगायत उद्योग व्यवसाय क्षेत्रमा थप लगानी गर्नु पर्दछ भने हाम्रो सुझाव छ ।

९) सम्माननीय प्रधानमन्त्रीज्यूले हाम्रा कुरा सुन्नु भएको छ र हाम्रो समस्या वुझ्नु पनि भएको छ । सम्मानीय प्रधानमन्त्री ज्यूले उद्योग व्यवसाय क्षेत्र लगायत मुलुकको समग्र अर्थतन्त्रको विकासको लागि कहाँ के गर्नु पर्छ, कस्तो नीति र ऐन नियम चाहिन्छ त्यस तर्फ आवश्यक सुधारका लागि म तयार छु भन्नु भएको छ । प्रधानमन्त्रीज्यूबाट व्यक्त यो प्रतिवद्धताले हामीलाई उत्साहित गरेको छ । म यसको लागि सम्माननीय प्रधानमन्त्रीज्यूमा विशेष आभार प्रकट गर्न चाहान्छु ।

१०) यस महासंघले तुलनात्मक लाभका आधारमा उद्योग व्यवसाय क्षेत्रको पहिचान गरी आवश्यक कानूनी एवम् नीतिगत व्यवस्था गर्नु पर्ने कुरामा जोड दिंदै आएको हो । कृषि क्षेत्रको विकासमा प्रसस्त संभावना हुदाँ हुदै पनि यस क्षेत्रको योगदान घट्दै आएको छ । सेवा क्षेत्रमा रोजगारीमा केही वृद्धि भएको छ । तर सेवा क्षेत्र मध्येकै पर्यटन क्षेत्रको योगदान करिव ३ प्रतिशतमै सीमित छ । लगानीका लागि पनि हामीले पहिचान गरेका क्षेत्रहरुको खासै विकास हुन सकेका छैन । हाम्रो लागि हाम्रै साधन, श्रोत र सीपमा आधारित स–साना उद्योग व्यवसायले लामो समझदारी ठूलो महत्व राख्छ । देशको अर्थतन्त्र र रोजगारीमा स–साना उद्योगले पऱ्याएको योगदानलाई दृष्टिगत गरी यो उद्योगको विस्तार, क्षमता विकास, वस्तु र सेवमा सुधार गर्ने कार्यमा सरकारले आवश्यक व्यवस्था मिलाउनु आवश्यक छ भन्ने तर्फ सरकारको ध्यानाकर्ष गराउनु चाहान्छु ।

११) नयाँ संवैद्यानिक व्यवस्था अनुसार नेपाल सरकारले आगामी जेष्ठ १५ गते मित्रै आ.व. ०७२/०७३ को वजेट ल्याउने तयारी गरि रहेको छ । मुलुकको अर्थतन्त्र र उद्योग व्यवसाय क्षेत्र जटिल अवस्थाबात गुज्री रहेको यस परिस्थितिमा निजी क्षेत्रको सुझावलाई ध्यानमा राखी वजेट तर्जूमा गर्नु पर्ने हाम्रो आग्रह छ । हामी माननीय अर्थमन्त्रीज्यू र अन्य सम्वन्धित पदाधिकारीसँग यस विषयमा छलफल गरि सुझाव प्रस्तुत गर्ने नै छौं ।

१२) आर्थिक सूचकहरुको अध्ययन गर्दा डेड् दशक भन्दा वढी समय यता मुलुक न्यून लगानी, न्यून आर्थिक वृद्धि, वढ्दो वेरोजगारी, वढ्दो व्यापार घाटाको स्थितिवाट गुजीरहेको पाईन्छ । यसको पछाडि धेरै कारणहरु छन् तथापी मुख्य कारणहरुमा राजनैतिक अस्थिरता र नीतिगत अनिश्चितता नै हो । राजनैतिक कान्तिका लाागि हामीले धेरै लामो समय खर्च गऱ्यौ र उपलब्धी पनि भयो । अव समय खेर नफाली आर्थिक विकासका लागि हाम्रो साधन श्रोत र क्षमताको उच्चतम परिचालन गर्न आवश्यक वातावरण बनाउनु पर्छ भन्ने निजी क्षेत्रको चाहना र आग्रह हो । निजी क्षेत्र यसको लागि तयार रहेको कुरा म सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष जानकारी गराउदछु ।

१३) देश भित्र थप रोजगारी सिर्जना हुन नसकेका कारण वर्षेनी लाखौं युवाहरु कामको लागि विदेशिन वाध्य छन् । रेमिटान्सको रुपमा भित्रिने अरौवौको रकमले हाम्रो अर्थतन्त्रलाई बचाई राख्न सहयोग त पुगेको छ तर यसको सामाजिक मूल्य र

दीर्घकालीन असरका वारेमा हामी खासै चिन्तित छैनौं । स्वदेश भित्र रोजगारी सिर्जना गर्ने हाम्रो प्राथमिकता र प्रयास हुनु पर्दछ । लगानीको लागि उपयुक्त वातावरण बनाउन सरकारी पक्षको अग्रसरताको लागि विशेष आग्रह गर्दछु । त्यस तर्फ विशेष ध्यान जाओस भन्ने हाम्रो आग्रह हो ।

अव म धन्यवाद ज्ञापनको क्रमलाई अगाडि बढाउने अनूमति चाहान्छु ।

१३. आफ्नो कार्य व्यस्तताको बावजूद पनि महासंघको निमन्त्रणालाई स्वीकार गरी हामी माझ पाल्नु भई यस सभाको प्रमुख आतिथ्यता ग्रहण गर्नुका साथै हामीलाई सार गर्मित मनतव्यद्वारा माग दर्शन समेत गर्नु भएकोमा सम्मानीय प्रधानमन्त्री श्री के.पी शर्मा ओली ज्यूलाई पुनः एक पटक हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१४. यो साधारण सभालाई सफलतापूर्वक सञ्चालन गर्नका लागि धेरै संस्था र प्रतिष्ठानले सहयोग प्रदान गरेका छन् । साधारण सभाको लागि हल उपलब्ध गराई सहयोग गर्ने त्रिभुवन आर्मी अफिर्स क्लब, कार्यक्रमको मञ्च व्यवस्थापन लगायत उद्घाटन सत्रको अन्य कार्यक्रम संयोजनमा सहयोग पुऱ्याउने प्रिज्जमा एडभरटाईजिङ्ग प्रा.लि, सहभागीहरुलाई किट फाइल राख्ने झोला उपलब्ध गराउने अर्घाखाँची सिमेन्ट प्रा.लि., यस सभाका सहभागीहरुलाई रात्री भोजको आयोजना गर्न सहयोग गर्ने ग्लोवल आईएमई बैंक लि., सहभागीहरुलाई खानाको व्यवस्थाको जिम्मेवारी लिई सहयोग गर्ने अमृतभोग, हल्कका पेय उपलब्ध गराउने वरुण विभरेज प्रा. लि. ,अर्थात पेप्सी कोला , सहभागीहरुको हाई टिको लागि सहयोग गर्ने वोटलर्स नेपाल लि., अर्थात कोकाकोला, साधारण सभाको लागि आवश्यक पर्ने फाइल, व्याज तथा कार्ड छपाईमा सहयोग गर्ने बसुन्धारा छापाखाना सवैलाई धन्यवाद दिन चाहान्छु ।

१६. अन्तमा, साधारण सभालाई सफलता पूर्वक सम्पन्न गर्न संलग्न रहनु भएका महासंघका महानिर्देशक एवं सचिवालयका सम्पूर्ण कर्मचारीहरु तथा विभिन्न किसिमले सहयोग पुऱ्याउने सम्बध सवैलाई धन्यवाद दिन चाहान्छु ।

धन्यवाद,

चैत्र २८, २०७२, काठमाडौं ।